# डिजिटल हिमालयन स्वीट्स एण्ड ट्रिट्स

कीर्तिपुर २, काठमाण्डौं

# शिलबन्दी दरभाउपत्र तथा बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मिति २०८१/०१/२१**

कृषि विकास विकास निर्देशनालय, हेटौंडाको ५० प्रतिशत अनुदान सहयोगमा यस संस्थाद्वारा चालु आ.व. २०८०/०८१ मा तपसील बमोजिमका कार्यहरु ठेक्काबाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित मितिले निर्धारित समयभित्र तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही इच्छुक इजाजत प्राप्त कम्पनी/व्यवसायीबाट शिलबन्दी दरभाउपत्र तथा बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र/बोलपत्र फारम निर्धारित समयभित्र कार्यालय समयभित्र दरभाउपत्र/बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तल उल्लेख भए बमोजिमको रकम (पछि फिर्ता नहुने) बुझाई यस संस्थाबाट वा कृषि विकास निर्देशनालय, हेटौंडाबाट खरीद गर्न सक्नेछ । निवेदनको साथमा चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र फारमको लागि रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म र बोलपत्र फारमको लागि रु. ३०००।- (रु. तीन हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म कार्यालय समयभित्र बुझाई प्राप्त गर्न सकिने छ ।

३. दरभाउपत्रको हकमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र कृषि विकास निर्देशनालय, हेटौंडामा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । बोलपत्रको हकमा यो सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र कृषि विकास निर्देशनाल, हेटौंडामा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । तोकिएको समयमा बोलपत्र/दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र/दरभाउपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा फारमहरु बुझाउने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र/बोलपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम श्री Digital Himalayan Sweets N' Treats को नाममा श्री ग्लोबल आई.एम.ई. बैंक सितापाइलामा रहेको खाता नं.: ००३०१०१०००४४११ मा नगद जम्मा गरिएको सक्कल भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस संस्थाको नाममा जारी गरिएको दरभाउपत्र/बोलपत्र बुझाउने अन्तिम दिनबाट दरभाउपत्रको लागि ९० दिन तथा बोलपत्रको लागि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बण्ड) को सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र/बोलपत्र फारममा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र/बोलपत्रदाताले दरभाउपत्र/बोलपत्र साथ दरभाउपत्र/बोलपत्रदाता खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ ।

७. यस सूचनाको सि.नं १, ४ र ६ उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको दरभाउपत्र/बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दरभाउपत्र/बोलपत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर दरभाउपत्र/बोलपत्र दाताको नाम र ठेगानाका साथै ठेक्का नम्बर स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

९.. दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस सस्थाँमा सुरक्षित रहने छ ।

१०. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/ब्यहोराहरु दरभाउपत्र/बोलपत्र फारममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपसील :

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | फारम दस्तुर रु. | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता नं. | धरौटी/बैंक ग्यारेण्टी रकम | धरौटी खाता नं. | लागत इष्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|---|
| १ | DHSNT/goods /001/080-81 | बोलपत्र | Supply, Delivery and Installation of Electric Vacuum Cooker Mixer and Pump Dehydrator | ३०००।०० | Digital Himalayan Sweets N' Treats खाता नं.: ००३०१०१०००४४११ ग्लोबल आइएमई बैंक, सितापाइला | ७५,०००।०० | Digital Himalayan Sweets N' Treats खाता नं.: ००३०१०१०००४४११ ग्लोबल आइएमई बैंक, सितापाइला | २८४८९९६।२० |
| २ | DHSNT/works /002/080-81 | शिलबन्दी दरभाउपत्र | Construction of Cold Storage Unit | १०००।०० | ,, | ४३,५००।०० | ,, | १७२१२५०।०० |